नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

योजना तथा अनुगमन शाखा

☎ ४२००३२३
फ्याक्स ४२००३२२

सिंहदरबार, काठमाडौं

पत्र संख्या : २०७५/७६

मिति: २०७५।११।१९

च.नं. : ५०२

**विषयः आ.व. ०७५/७६ को आर्थिक सर्भेक्षणको विवरण उपलव्ध गराइदिने सम्बन्धमा।**

श्री शाखाहरु (सबै), सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार।
श्री स्थानीय पूर्वाधार विभाग, पुल्चोक ललितपुर।
श्री निजामती किताबखाना, हरिहरभवन।
श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल।
श्री निजामती कर्मचारी अस्पताल विकास समिति, मिनभवन, काठमाडौं।
श्री आयोग/समिति/प्रतिष्ठान/कार्यक्रमहरु, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको च.नं. १८२/०७५/७६ मिति २०७५/०९/२४ को पत्रानुसार नेपाल सरकारबाट भए गरेका नीति तथा कार्यक्रमको कार्यप्रगतिको समीक्षा एवं यसले अर्थतन्त्रमा पारेको प्रभाव मूल्यांकनको विश्लेषण गरी हरेक बर्ष आर्थिक सर्भेक्षण प्रकाशन गर्ने हुँदा सोही प्रयोजनको लागि चालु आ.व. ०७५/७६ मा यस मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सम्पादित कार्यहरु, तिनको लक्ष्य, प्रगति र तिनले अर्थतन्त्रमा पुऱ्याएको योगदान समेतको विश्लेषण गरी विवरणहरु माग भई आएको हुँदा तहाँ महाशाखा/शाखा/विभाग/समिति/प्रतिष्ठान/आयोजनाहरु मार्फत सम्पादित भएका कार्यहरुको माग भए बमोजिमको देहायका विवरण २०७५/१२/०५ भित्र यस यस शाखामा अनिवार्य रुपमा आईपुग्नेगरी पठाईदिनु हुन आदेशानुसार अनुरोध छ।

**विवरणको ढाँचा/खाका**

तहाँबाट सम्पादन भएका कार्यहरुको प्रगति समिक्षा र उपलब्धीहरुलाई सङ्घीय ढाँचा (संघ, प्रदेश र स्थानीय तह) बमोजिम आर्थिक सर्वेक्षणमा राखिने विवरणहरु

१) नेपाल सरकारको चालु आ.व. को नीति तथा कार्यक्रम सम्बन्धमा तहाँसंग सम्बन्धित विषयहरुको लक्ष्य र लक्ष्य प्राप्तिको विद्यमान अवस्था बारेको संक्षिप्त विश्लेषण।

२) आर्थिक वर्ष २०७५/०७६ को प्रथम आठ महिनाको प्रगति समीक्षा र सोको आधारमा हुने वार्षिक अनुमान।

३) सम्बन्धित विकास आयोजना अन्तर्गत सञ्चालित कार्यक्रमहरुवाट सिर्जित रोजगारीको विवरण।

४) सम्बन्धित क्षेत्रका अद्यावधिक तथ्याङ्क एवं सूचकहरुको तुलनात्मक विश्लेषण।

५) विगत तीन वर्षको वार्षिक तथ्याङ्क एवं विगत तीन वर्षको प्रथम आठ महिनाको तथ्याङ्कमा आधारित सम्बन्धित क्षेत्रको विद्यमान स्थिति, परिवर्तन र प्रवृत्तिबारे छोटो विश्लेषण।

६) विगत दश वर्षको सम्बन्धित क्षेत्रहरुको तथ्यांकको तालिका।

७) तथ्याङ्क विश्लेषण गर्दा आवश्यकतानुसार तालिका, चार्ट एवं ग्राफको प्रयोग र प्रयोग भएको तथ्याङ्कको श्रोत।

८) लक्ष्य प्राप्तमा आई परेका कठिनाई तथा चुनौतीहरूको बुँदागत विश्लेषण।

९) आर्थिक विकास र अर्थतन्त्र सम्बन्धित क्षेत्रबाट पुगेको सहयोगको विश्लेषण।

*पुनश्चः सम्वन्धित विषयका सान्दर्भिक सामग्रीलाई मन्जुषा (Box) को रुपमा समेत उपलब्ध गराईदिनुहुन र विवरणहरु उलब्ध गराउँदा नेपाली भाषामा "Unicode (Kalimati)" अंग्रेजी भाषामा "Times New Roman" अनिवार्य रुपमा प्रयोग गरी Soft Copy समेत यस शाखाको Email address:monitoringmofald2015@gmail.com मा उपलब्ध गराउनु हुन अनुरोध गर्दछु।*

(भुपेन्द्र रायमाझी)
शाखा अधिकृत

**सादर अवगतार्थ**

श्रीमान् महाशाखा प्रमुख ज्यू (सवै), सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार।

**बोधार्थ**

श्री सूचना प्रविधि शाखा, वेबसाईटमा अपलोड गर्नुहुन।